**Education Quarterly** Vol. 4 No.1, (99-112)

# उच्च माविमा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन सक्षमता

**शक्तिराज नेपाल**
महेन्द्ररत्न क्याम्पस
नेपाली भाषा शिक्षा विभाग, ताहाचल
Email: snepal758@gmail.com

## लेखसार

*उच्च माविमा अध्ययनत विद्यार्थीको प्राज्ञिक लेखन सक्षमता नै यस लेखको शीर्षक हो । उच्च माविअन्तर्गत सुनसरी जिल्ला, धरान उपमहानगरपालिकाभित्रका ५ वटा सामुदायिक उच्च माविका कक्षा १२ मा अध्ययनरत ५० जना विद्यार्थीलाई मात्र यस लेखमा नमुनाका रूपमा लिइएको छ । यस लेखमा उक्त कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीहरूको मात्र प्राज्ञिक लेखन क्षमताको परीक्षण तथा विश्लेषण गरिएको छ । अध्ययनका लागि लेखनको शीर्षक र तार्किकता, शब्दचयन र सान्दर्भिकता, वाक्यगठन र पुनरावृत्ति, संसक्तता तथा अनुच्छेदगठन र शैली प्रस्तुति तथा प्राज्ञिकतालाई उपकरण बनाइएको छ भने समग्रता, भाषिक पृष्ठभूमि र लैङ्गिकतालाई अध्ययनको आधार बनाई तथ्याङ्कशास्त्रीय मध्यमान र प्रतिशत विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनको प्राप्तिअनुसार उच्च माविका विद्यार्थीको वाक्यगठन र पुनरावृत्तिमा सबभन्दा धेरै ६०% तथा शब्दचयन र सान्दर्भिकतामा ५८.३३% अभिक्षमता रहेको देखिएको छ । साथै संसक्तता र अनुच्छेदगठनमा सबैभन्दा कम ५०.६% अभिक्षमता रहेको पाइएको छ । समग्रमा कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखनको क्षमता ५४.७४% प्रतिशत रहेको छ । लेखाइ सिपको विशिष्ट अभ्यासका रूपमा प्राज्ञिक लेखनलाई लिइने भएकाले विद्यार्थीले लेखन अभ्यासमा एकरूपता, औपचारिक ढाँचा, प्रौढ भाषाशैली, संसक्तता, चुस्त र अन्तरसम्बद्ध स्वरूपको अभ्यासमा बढी जोड दिनुपर्ने देखिन्छ । स्थलगत सर्वेक्षण तथा कक्षा अवलोकन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको यस लेखमा परिमाणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ साथमा प्राज्ञिक लेखनका प्रवृत्तिहरू; शीर्षक चयन र तार्किकता, शब्द चयन र सान्दर्भिकता, वाक्य गठन र पुनरावृत्ति, संसक्तता र अनुच्छेद गठन तथा शैली, प्रस्तुति र प्राज्ञिकताका आधारमा विश्लेषणको अवधारणात्मक ढाँचा बनाइएको छ । प्राज्ञिक लेखन जस्तो विशिष्ट प्रकृतिको लेखनमा विद्यार्थी, शिक्षक तथा सरोकारवालाहरूले अलि बढी ध्यान दिनुपर्ने देखिन्छ र ती सरोकारवालाहरूलाई यस अध्ययनले प्राज्ञिक लेखनका सवालमा सहयोग पुर्‍याउने देखिएको छ ।*

**शब्दकुञ्जी :** ढाँचाबद्धता, तार्किकता, परीक्षण, प्राज्ञिक लेखन, सान्दर्भिकता, संसक्तता ।।

## विषयपरिचय

भाषा शिक्षण भनेको भाषाका सिपहरूको शिक्षण हो । यसमा भाषाका चारवटा सिपहरूको अभ्यास गरिन्छ र सिपको विकास गर्ने लक्ष्य राखिन्छ ।"भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिप प्रमुख हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. १) ।" भाषिक विधाका माध्यमबाट भाषिक सिपको अभ्यास गराइन्छ । बोध र अभिव्यक्तिको विकासका लागि भाषा शिक्षण गरिन्छ । भाषिक सिपमा सबल बनी अब्बल भाषिक व्यवहार प्रदर्शन गर्नसक्नु तथा अभिव्यक्त गर्नसक्नु नै भाषा शिक्षणको उद्देश्य हो । भाषाका सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये विकसित र स्तरीय सिपका रूपमा लेखाइ सिपलाई मानिन्छ किनकि यसलाई माथिल्ला कक्षाहरूमा विकास हुने सिपका रूपमा अभ्यास गरिन्छ । लेखाइ सिपमार्फत भाषा शिक्षणमा प्रदानात्मक सिपको विकास गर्ने अपेक्षा राखिन्छ । "व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न अथवा साँचिराख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखाइले मदत गर्छ (शर्मा र पौडेल, २०६८, पृ. ३६७) ।" भाषा शिक्षणमा लेखाइलाई सिकाइको अभिन्न अङ्ग मानिन्छ । "कक्षाका अधिकांश गतिविधिहरू लेखनकै सेरोफेरो घुम्दछन् । यस माध्यमबाट भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छ (शर्मा र पौडेल, २०६८, पृ. ३६८)" र भाषा शिक्षणलाई सिकाइ उपलब्धिसँग जोडिन्छ । भाषा शिक्षणमा लेखाइ सिपअन्तर्गत पूर्ववर्ती र उत्तरवर्ती क्रियाकलापमार्फत विकास हुने सिपको अभ्यास गराइन्छ । प्रश्नोत्तर गर्न, टिपोट गर्न, व्याख्या र स्पष्टीकरण गर्न, आफूले आर्जन गरेका ज्ञानलाई पुनः उपयोग गर्न अथवा भाषामा पुनः सङ्गठित गर्न, आदि कार्य गतिविधिहरूमा लेखनकै संलग्नता रहन्छ । उत्तरवर्ती क्रियाकलापका रूपमा सारांश उतार्न, प्रतिवेदन लेख्न, समीक्षा गर्न, परीक्षा दिन आदि कार्यमा पनि लेखनकै संलग्नता रहने गर्दछ । भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलाप सञ्चालनपछि भाषाका प्रत्येक अपेक्षित सिपमा सक्षमता प्राप्ति आवश्यक छ । सिकारुलाई सुनाइ र बोलाइ सिप हुँदै पढाइ र लेखाइ सिपतिर उन्मुख गराइन्छ । यद्यपि यस अध्ययनमा बुँदा टिपोट, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखन र समीक्षा लेखनको प्राज्ञिक स्वरूपका आधारमा अभिक्षमताको परीक्षण गरिएको छ । तसर्थ भाषिक गतिविधिहरूको औपचारिक सम्प्रेषण गर्नका लागि लेखाइ सिपको अनिवार्य भूमिका रहन्छ ।

प्राज्ञिक लेखनलाई लेखाइ सिपको विशिष्ट सिपका रूपमा लिइन्छ । प्राज्ञिक लेखन भन्नाले विशिष्ट तरिकाको लेखनलाई चिनिन्छ । यसको प्रकृति नै विषयविशेष र वस्तुपरक हुन्छ । "प्राज्ञिक लेखन भन्नाले मानवीय चिन्तन वा बुद्धिपक्षको प्रयोग भूमिमा आधारित अभिव्यक्तिलाई बुझिन्छ । दर्शन, वैचारिक लेख रचना आदिलाई प्राज्ञिक लेखन भनिन्छ (भण्डारी, २०७७, पृ. ४) ।" साथै "यो कुनै खास सिद्धान्त, चिन्तन, विचार, दृष्टिकोणको प्रधानता भएको अभिव्यक्तिसम्बन्धी लेखन हो (लम्साल र खनाल, २०७८, पृ.३५) ।" कुनै विषयका विज्ञले प्रस्ताव गरेको वा औपचारिक रूपमा कुनै अनुसन्धेय सामग्री प्रस्तुत गर्दा लेखिएको विशिष्ट संरचनालाई प्राज्ञिक लेखनका रूपमा चिनिन्छ । लेखनको एक स्तरीय कलाका

रूपमा यसलाई लिइन्छ । समग्रमा भाषाका सिपमध्ये उत्कृष्ट तथा परिपक्व अवस्थामा विकसित हुने तथा उपल्लो तहका विद्यार्थीको लेखन सिपका रूपमा प्राज्ञिक लेखनलाई अपनाउने गरिएको पाइन्छ । "यो लेखनकलाको स्थापित लेखन हो, यसले शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा अध्येतालाई व्यवस्थित तथा साझा रूपमा एकरूपता कायम गरी लेख्न सहयोग पुर्‍याउँछ (शर्मा, सन् २०२०, पृ. ६) ।" व्यक्तिगत तथा सिद्धान्तविहीन अनौपचारिक लेखनलाई प्राज्ञिक लेखन भनिँदैन । ओसिमा र हग (सन् २००७) ले पनि प्राज्ञिक लेखनलाई उच्च तहका विद्यालय तथा कलेजमा प्रयोग हुने लेखनका रूपमा प्रस्तुत गरेका छन् (पृ.३) । यो प्राज्ञिक लेखनलाई सिर्जनात्मक लेखनभन्दा फरक लेखनका रूपमा अर्थ्याउँदै उनीहरूले वैयक्तिक लेखनभन्दा पनि पृथक् र विशिष्ट लेखनका रूपमा प्रस्तुत गरेका छन् ।

विश्वविद्यालय अध्ययनको आधार तथा पृष्ठभूमिका रूपमा उच्च माविको तहलाई लिइन्छ । पाठ्यक्रम प्रारूप २०६३ अनुसार कक्षा १२ सम्मलाई विद्यालयको संरचनामा व्यवस्थित गरिए तापनि उच्च माविका रूपमा नै अभ्यास गरिराखिएको पाइन्छ। यस तहमा विकास भएका सिपहरूका आधारमा विश्वविद्यालयको तहमा लेखन सिपको विकास हुने अपेक्षा गरिन्छ किनकि भाषा शिक्षणमा लेखन सिपलाई विकसित तथा उत्तरवर्ती सिपका रूपमा अभ्यास गरिन्छ। उच्च माविको पाठ्यांशले पनि व्यावहारिक लेखनमार्फत् विद्यार्थीहरूको प्राज्ञिक लेखन सिपको विकास गरी परीक्षण गर्ने अपेक्षा गरेको छ । साथमा लेखनको शीर्षक, शब्दचयन र सान्दर्भिकता, वाक्यगठन र पुनरावृत्ति, संसक्तता र अनुच्छेदगठन, शैली र प्रस्तुति, तार्किकता र प्राज्ञिकता जस्ता लेखनका पक्षहरू उक्त कक्षाका विद्यार्थीहरूका लागि आवश्यक पर्दछन् । ती पक्षहरूको विकास भएपछि मात्रै विद्यार्थीहरूको लेखन सिप विशिष्ट बन्न सक्ने भएकाले ती पक्षको परीक्षण गर्नु आवश्यक रहेको छ। उच्च माविको तहमा लेखनका सामान्य, सिर्जनात्मक तथा प्राज्ञिक गरी तिनै प्रकारका लेखन सिपको अपेक्षा गरिएको छ।"सामान्य अभिव्यक्ति व्यक्तिका प्रारम्भिक क्रियाकलापसँग सम्बन्धित हुन्छन् (भण्डारी, २०७७, पृ.२)" भने सिर्जनात्मक अभिव्यक्तिमा सोझो र प्रत्यक्ष कथनभन्दा अरु व्यङ्ग्य र विशिष्ट प्रकारको कथन हुन्छ। साथमा "शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता हासिल गरेका व्यक्तिद्वारा लेखिएका लेखनलाई प्राज्ञिक लेखन भनिने चलन छ, यसलाई स्तरीय लेखनसँग जोडेर हेर्ने गरिन्छ (भण्डारी, २०७७, पृ.४)" । अतः प्राज्ञिक लेखन जस्तो भाषिक सिप सो कक्षाका विद्यार्थीका लागि अत्यावश्यक भएको एवम् स्तरीय लेखाइ सिपकेन्द्रित क्रियाकलापको आवश्यकता पर्ने ठानिएको छ । साथै ढाँचाबद्ध लेखन क्रियाकलापको विकास, परीक्षण तथा मूल्याङ्कन गरिनुपर्ने भएकाले तथा प्राज्ञिक लेखन सिपलाई विद्यार्थीको सिपसँग जोडी नेपाली भाषा शिक्षणका क्षेत्रमा कहीँ पनि अध्ययन नगरिएकाले उक्त रिक्तताको पूर्तिका लागि यो लेख तयार पारिएको हो ।

## अनुसन्धानात्मक प्रश्न तथा उद्देश्य

भाषा शिक्षणमा पूर्ववर्ती र उत्तरवर्ती सिप गरी दुई तहका लेखाइ सिपको अपेक्षा गरिएको छ। प्रारम्भिक तहका विद्यार्थीहरूका लागि पूर्ववर्ती लेखाइ सिप तथा माथिल्ला कक्षाका विद्यार्थीहरूका लागि उत्तरवर्ती लेखाइ सिपको अपेक्षा गरिएको हुन्छ। यस लेखको सम्बन्ध पनि उत्तरवर्ती चरणको लेखाइ सिपको विशिष्ट

पक्षको लेखाइसँग रहेको छ । अभिव्यक्तिको सशक्त माध्यम लेखाइ भएकाले यसमार्फत विद्यार्थीको सम्प्रेषणात्मक पक्षको विकास गर्ने लक्ष्य राखिएको हुन्छ । प्राज्ञिक लेखनमा विषयको शीर्षक, शब्दचयन, तर्कसम्बद्धता, संसक्तता, भाषाशैली आदिको वस्तुपरक पक्षलाई केन्द्रमा राखिन्छ । यसमा विषयवस्तु, सूचनाको स्तर, सम्प्रेषणीयता, व्याकरण, शैली लगायत प्राविधिक पक्षको पनि संलग्नता रहन्छ । यसर्थ उच्च मावि तहका विद्यार्थीको लेखाइ प्रविधिमा समस्या रहेको छ तथा लेख्य अभिव्यक्तिलाई दरिलो, ढाँचाबद्ध, स्तरीय र औपचारिक बनाउने प्राज्ञिक लेखन अभ्यासको क्षमतामा विद्यार्थीहरूको स्थितिको अध्ययन गर्नु आवश्यक छ भन्ने विषयलाई यस अध्ययनको मुख्य समस्या मानिएको छ ।

प्रस्तुत लेख उच्च माविमा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन सक्षमताको परीक्षणमा आधारित छ । पाठ्यक्रमले अपेक्षा राखेको व्यावहारिक प्रकृतिको प्राज्ञिक लेखनको अध्ययन गर्नँ नै लेखको मुख्य उद्देश्य हो । यस अध्ययनका उद्देश्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) उच्च माविमा अध्ययनरत विद्यार्थीको समग्रतामा प्राज्ञिक लेखन क्षमताको परीक्षण गर्नँ,

(ख) उच्च माविमा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा प्राज्ञिक लेखन क्षमताको विश्लेषण गर्नँ,

## अध्ययनको औचित्य

प्रस्तुत लेख उच्च माविमा अध्ययन गर्ने विद्यार्थीहरूको प्राज्ञिक लेखन क्षमताको परीक्षणमा केन्द्रित छ । यसअन्तर्गत प्राज्ञिक लेखनका ढाँचा, स्वरूप, प्रकृति तथा संसक्तता, सान्दर्भिकता, तार्किकता, अन्तरसम्बद्धता जस्ता पक्षका आधारमा लेखनलाई विशिष्ट तथा औपचारिक बनाउने अभ्यास गरिन्छ । भाषा शिक्षणको स्तरीय सिपका रूपमा विकास गरी लेखाइलाई प्राज्ञिक बनाउन तथा ढाँचाबद्ध लेखनको विकास गर्नका लागि समेत यो लेखको औचित्य रहेको छ । लेखाइका विशिष्ट पक्षअनुकूल अभिव्यक्तिमा एकरूपता ल्याई स्तरीय सिपको विकास गर्ने शिक्षक, विद्यार्थी, भाषा शिक्षक, प्रशिक्षक तथा सरोकारवालाका लागि समेत यसको औचित्य रहन्छ । भाषाका प्रदानात्मक सिपलाई परिष्कृत, सर्वस्वीकृत, वैध तथा औपचारिक बनाई विश्वसनीय बनाउनका लागि समेत यस अध्ययनको औचित्य रहेको देखिन्छ । प्राज्ञिक लेखन भनेको लेखन कलाको उत्कृष्ट रूप भएकाले यस अन्तर्गत विद्यार्थीको लेखकीय व्यक्तित्वको विकास गरी लेखाइलाई व्यक्तित्व निर्माणको आधारका रूपमा विकास गर्न पनि यस अध्ययनको औचित्य रहेको छ। साधारणतः अध्ययन अनुसन्धान गर्ने जो कसैलाई अध्ययन तथा लेखाइको प्रकृतिको मूल्याङ्कन गर्नका लागि यस लेखले मदत पुर्‍याउने देखिन्छ ।

## अध्ययनको परिसीमा

प्रस्तुत लेखमा उच्च माविअन्तर्गत कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीलाई मात्र अध्ययनको जनसङ्ख्या बनाइएको छ । धरान उपमहानरपालिका अन्तर्गतका ५ वटा विद्यालयका जम्मा ५० जना विद्यार्थीको प्राज्ञिक लेखनलाई मात्र अध्ययनको आधार बनाइएको छ । जम्मा ५ विद्यालयका छात्रा र छात्र क्रमशः २५/२५ गरी ५० जना विद्यार्थी छानिएको छ । प्राज्ञिक लेखनका लागि लेखनको शीर्षक र तार्किकता,

शब्द चयन र सान्दर्भिकता, वाक्यगठन र पुनरावृत्ति, संसक्तता र अनुच्छेनगठन तथा शैली, प्रस्तुति र प्राज्ञिकतालाई मात्र अध्ययन विश्लेषणको उपकरण बनाइएको छ भने समग्रता, लैङ्गिकता तथा भाषिक पृष्ठभूमिका आधारमा मात्र प्राज्ञिक लेखनको परीक्षण गरिएको छ । कक्षा अवलोकन गरी दिइएको प्रश्न, अनुच्छेद तथा शीर्षकका आधारमा विद्यार्थीले दिएको लिखित अभिव्यक्ति तथा उत्तरलाई मात्र प्राज्ञिक लेखनको प्रवृत्तिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । प्राज्ञिक लेखनका ढाँचामध्ये बुँदाटिपोट, सङ्क्षेपीकरण, अनुच्छेद लेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखन र समीक्षा लेखनको सानो अंशको मात्रै प्राज्ञिक पक्षलाई परीक्षण गरिएको छ ।

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचाको निर्माण

प्रस्तुत लेखको सैद्धान्तिक तथा अवधारणागत स्वरूपको निर्माण गर्न तथा अध्ययनको सीमा निर्धारण गरी अध्ययन विधि निर्धारण गर्न अगाडि भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान, ग्रन्थ, तथा लेखहरूको समीक्षा गरिएको छ । भाषा शिक्षणलाई सिपहरूको अभ्यास गर्ने शैक्षणिक भाषिक क्रियाकलापका रूपमा चिनिन्छ । लेखाइ सिपलाई भाषा शिक्षणको विकसित सिपका रूपमा अभ्यास गरिन्छ । शर्मा र पौडेल (२०६८) ले सम्बन्धित भाषाका उपयुक्त लिपि चिह्नहरूको उपयोग गरेर प्रभावकारी रूपमा लेखेर अभिव्यक्त गर्न जान्नु चौथो महत्त्वपूर्ण सिप हो भनी लेखाइ सिपलाई चिनाएका छन् । भण्डारी (२०७२) ले प्राज्ञिक लेखनलाई लेखन कलाका रूपमा प्रस्तुत गरेका छन् । लेखाइ सिपको स्तरीय सिपका रूपमा प्रस्तुत गर्दै उनले प्राज्ञिक लेखनका विभिन्न स्वरूप, ढाँचा तथा सिद्धान्तका बारेमा चर्चा गरेका छन्  साथमा विश्लेषणात्मक ढाँचाको प्रयोग गरी प्राज्ञिक लेखनको सैद्धान्तिक पक्षलाई प्रस्तुत गरेका छन् । पाण्डेय (२०७७) ले विज्ञ समीक्षालाई प्राज्ञिक लेखनको एक अत्यावश्यक अङ्गका रूपमा प्रस्तुत गरी औपचारिक, परिपक्व, सिद्धान्तनिष्ठ र वस्तुपरक बनाउनका लागि प्राज्ञिक नियम तथा गुणहरूको विकास गर्नुपर्छ भन्ने धारणा राखेका छन् । लम्साल र खनाल (२०७८) ले प्राज्ञिक लेखनसम्बन्धी परिचय, विशेषता र प्रकृतिका बारेमा चर्चा गरेका छन् । मानवीय चिन्तन र बुद्धिपक्षको प्रयोग भूमिमा आधारित लेखनका रूपमा प्राज्ञिक लेखनलाई अर्थ्याउँदै उनीहरूले प्राज्ञिक लेखनका विभिन्न स्वरूप र प्रकारलाई प्रस्तुत गरेका छन् । कोफिन र अन्य(सन् २००३) ले प्राज्ञिक लेखनसम्बन्धी परिचय, उच्च शिक्षामा प्राज्ञिक लेखनका प्रमुख मुद्दाहरु, लेखनका पद्धतिहरू, लेखनका बहुआयामिक प्रकृति तथा सम्बन्धलाई प्रस्तुत गरेका छन् । ओसिमा र हग (सन् २००७) ले अनुच्छेद लेखनको परिचय, अनुच्छेद लेखनका शैक्षणिक प्रक्रिया, अनुच्छेद लेखनका विभिन्न ढाँचा, प्रकार, उदाहरण तथा विद्यार्थीहरूको अनुच्छेद लेखनसम्बन्धी अभ्यासलाई समेत प्रायोगिक ढङ्गले प्रस्तुत गरिएको छ । बाले (सन् २०११) ले आधुनिक शिक्षण पद्धतिमा समेत विद्यार्थीका लागि प्राज्ञिक लेखनको आवश्यकता देखाएका छन् । उनले प्राज्ञिक लेखनलाई अनुच्छेद लेखन, सारांश लेखन, सन्दर्भ सामग्री सूचीलेखन, तर्क प्रमाण जस्ता लेखन सिपका रूपमा उल्लेख गरेका छन् । सुल्तान (सन् २०१९) ले प्राज्ञिक लेखनलाई औपचारिक अभिव्यक्तिको शैली, भाषा, गतिविधि, आवाज, प्रस्तुति आदि विद्यार्थीका लिखित अभिव्यक्तिको मुख्य र भरपर्दो सिपयुक्त लेखनका रूपमा प्रस्तुत गरेका छन् ।

यसर्थ माथिको पूर्वकार्यको अध्ययन गर्दा प्राज्ञिक लेखन एक विशिष्ट तथा ढाँचाबद्ध लेखनप्रक्रिया हो । यस अध्ययनका लागि विद्यार्थीहरूको सक्षमतापरक परीक्षणलाई पनि आधार मानिएको छ । उपर्युक्त पूर्वकार्यका आधारमा प्राज्ञिक लेखन क्षमताको तथ्याङ्कशास्त्रीय  परीक्षणका लागि आवश्यक पर्ने आधार भूत उपकरणलाई निम्नानुसार निर्माण गरी तथ्याङ्क विश्लेषणको सैद्धान्तिक आधार तयार गरिएको छ :

## लेखनको विषयगत शीर्षक र तार्किकता

लेखन अभ्यास गर्ने क्रममा विषयवस्तुसँग तादात्म्य सम्बन्ध राख्ने शीर्षक सही छ कि छैन भन्ने कुरालाई विशेष ध्यान दिइनुपर्छ । शीर्षकविनाको लेख वा सामग्रीको पूर्णता नहुने भएकाले शीर्षकको प्रकृति कस्तो छ, विषयको प्रतिनिधित्त्व गरेको छ कि छैन भन्ने कुरालाई ध्यान दिइएमा सम्प्रेष्य पक्ष पनि सबल बन्दछ । प्राज्ञिक लेखनले कुनैपनि लेखनको तार्किक, तथ्यपरक तथा ढाँचाबद्ध संरचनाको निर्माण गर्छ । तर्कविना कुनै पनि विषयको तथ्यपरक निष्कर्षमा पुग्न सकिँदैन । यसले विषय वा पाठलाई प्रभावकारी निष्कर्षसम्म पुग्न मद्दत गर्दछ (शर्मा, सन् २०२०, पृ. २१) । यसर्थ विभिन्न खालका तर्कद्वारा लेखनमा नयाँ ज्ञान तथा विचारको स्वरूप बन्न सक्छ ।

## शब्दचयन र सान्दर्भिकता

शब्दलाई भाषाको अर्थयुक्त एकाइका रूपमा वाक्यमा प्रयोग गरिन्छ । "एक वा एकभन्दा बढी रूप भएका अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ (अधिकारी, २०६८, पृ. ८१) ।" यसलाई भाषाको सम्प्रेषणको महत्त्वपूर्ण एकाइका रूपमा लिइन्छ । प्राज्ञिक लेखनका क्रममा विषयको प्रकृति कस्तो छ, विषय र यसको सान्दर्भिकताअनुरूप शब्दचयन गरिएको छ कि छैन, उपयुक्त ठाउँमा उपयुक्त शब्दको चयन गरिएको छ कि छैन भन्ने कुरा यससँग सम्बन्धित छ । "व्याकरणिक रूपले पनि एक किसिमको क्रममा मिलेर शब्दले वाक्यको निर्माण गरेको हुन्छ (वालवर्क, सन् २०११, पृ. २१) ।" यसर्थ प्राज्ञिक लेखनमा शब्दप्रयोगको पुनरावृत्ति रोक्न तथा लेखाइलाई प्रासङ्गिक बनाउन शब्दचयनमा ध्यान दिइनुपर्दछ ।

## वाक्यगठन र पुनरावृत्ति

पदावलीभन्दा माथिल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ । "वाक्य त्यस्तो भाषिक संरचना हो, जसमा एउटा कर्ता र एउटा समापिका क्रिया हुन्छ (अधिकारी, २०६८, पृ. २६८) ।" वाक्यले विषयलाई अन्तरसम्बन्धित बनाउन मदत गर्छ । विषयको प्रकृतिलाई प्रतिनिधित्व गर्नेगरी प्राज्ञिक लेखनमा कर्तृवाच्यका वाक्यहरू अपेक्षित हुन्छन् तथा कर्मवाच्यका वाक्य पनि प्रयोग नहुने होइन । वाक्यगठनमा वाक्यवाक्यका बिचको सङ्गति पनि हेरिनुपर्छ । वालवर्कले पनि प्राज्ञिक लेखनमा कर्मवाच्यका वाक्यको प्रयोगलाई केन्द्रमा राखेका छन् (सन् २०११) । कर्ता, कर्म र क्रियाको संरचनामा उनिएका वाक्य नै प्राज्ञिक लेखनमा अपेक्षित हुन्छन् ।

## संसक्तता र अनुच्छेदगठन

सारयुक्त वा अर्थयुक्त वाक्यहरूको समूहलाई अनुच्छेद भनिन्छ ।"अनुच्छेदमा सामान्यतः मिल्दाजुल्दा वाक्यहरूको समूह रहन्छ जसमा प्रयोग गरिएका वाक्यहरूमा कुनै खास मुख्य विषय, खास विचार र दृष्टिकोण प्रस्तुत भएको हुन्छ (भण्डारी, २०७५, पृ. १४) ।" अनुच्छेदमा वाक्यहरू शीर्ष, विस्तारक र सार गरी तीन तरिकाले प्रयोग भई अर्थलाई आदि, मध्य र अन्त्यको संरचनामा विषयलाई बाँध्छन् ।


तसर्थ "आदि, मध्य र अन्त्यको गठनको संरचनामा उनिएका वाक्यहरूको शृङ्खलित विन्यासको समूह नै अनुच्छेद हो (नेपाल, २०७९, पृ. ४२) ।" अनुच्छेदमा आएका हरेक शब्द, वाक्य तथा भाषिक एकाइका बिच अन्तरसम्बद्धता रहनुपर्छ । "यसमा व्याकरणिक तथा कोशीय संसक्ति गरी दुई प्रकारका संसक्तिको प्रयोग गरी अनुच्छेद वा प्राज्ञिक लेखनमा आपसी सम्बद्धताको खोजी गर्नुपर्छ (शर्मा, सन् २०२०, पृ. २१)।" यस्तो प्रकारको लेखन सिपलाई विद्यार्थीको प्राज्ञिक लेखनको सिपका रूपमा लिइन्छ ।

## भाषा शैली, प्रस्तुतीकरण तथा प्राज्ञिकता

विषयवस्तुको क्षेत्र र प्रकृतिका आधारमा प्राज्ञिक लेखनको भाषा शैली तथा प्रस्तुतीकरणको स्वरूप निर्धारित हुन्छ । भाषा शैलीलाई प्राज्ञिक लेखनको अपरिहार्य तत्त्वका रूपमा लिइन्छ । बालै (२०१०) ले प्राज्ञिक लेखनका शैलीका बारेमा सुझाव दिँदै 'प्राज्ञिकलेखन सङ्क्षिप्त, औपचारिक, अवैयक्तिक तथा वस्तुपरक हुन्छ । कुनै विषयलाई प्रस्तुत गर्ने क्रममा प्रस्ट तथा दुरुस्त तरिकाले प्रस्तुत गर्नुपर्छ । यसैका कारण प्राज्ञिक लेखन अन्य सामान्य लेखनभन्दा भिन्न हुन्छ भन्दै यसको प्रस्तुति र शैलीका बारेमा प्रस्ट पारेका छन् । यसको मतलव धेरै अस्पष्ट, लामो तथा विरोधाभास शैलीमा विषयलाई प्रस्तुत गर्नुहुँदैन । विद्यार्थीमा पनि यस किसिमको सिलसिलेवर लेखाइको परीक्षण गरी प्राज्ञिक लेखनको अभिक्षमताको स्तरका लागि प्राज्ञिक शब्दावलीसहितको स्वरूपको विकास गर्नुपर्छ । माथि प्रस्तुत सैद्धान्तिक आधारको केन्द्रीयतामा रहेर यस अध्ययनमा उच्च माविअन्तर्गत कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखनको परीक्षण गरिएको छ ।

## अवधारणात्मक ढाँचा

यस लेखमा निम्नानुसारको अवधारणात्मक ढाँचाको अवलम्बन गरिएको छ :



## अध्ययन विधि तथा सामग्री

### अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन पोस्टपोजिटिभिज्म प्याराडाइमको परिमाणात्मक पद्धतिअन्तर्गत कक्षा अवलोकनको ढाँचामा आधारित छ ।

### अध्ययन विधि

यस अध्ययनका लागि विशेषतः स्थलगत सर्वेक्षण तथा कक्षा अवलोकन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि विद्यार्थीद्वारा निर्मित प्राथमिक स्रोतबाट सामग्री लिई व्याख्या विश्लेषण गरिएको छ । प्राज्ञिक लेखनको स्वरूप र प्रकृतिअनुरूप उपयुक्त हुने दुईवटा १/१ अनुच्छेद र शीर्षक दिई त्यसमा प्राज्ञिक ढाँचा र स्वरूप अनुरूप अनुच्छेद लेख्न लगाइएको छ । साथमा १०/१० अङ्कको २ वटा प्रश्न दिई ४५ मिनेटको समयावधिमा प्रश्नोत्तर पनि गर्न लगाई जम्मा २५ अङ्कको उत्तरात्मक सामग्री सङ्कलन गरिएको छ । उक्त सङ्कलित सामग्रीको अङ्कन तथा विश्लेषणका लागि निम्नलिखित क्षेत्र र अङ्कन आधार तय गरिएको छ :

| अध्ययनका आधार | अङ्क | |
|---|---|---|
| लेखनको शीर्षक र तार्किकता | २×२= | ४ |
| शब्दचयन र सान्दर्भिकता | ३×२= | ६ |
| वाक्यगठन र पुनरावृत्ति | २×२= | ४ |
| संसक्तता तथा अनुच्छेदगठन | ३×२= | ६ |
| शैली, प्रस्तुति र प्राज्ञिकता | २.५×२= | ५ |
| जम्मा | १० | २५ |

### नमुना छनोट

यसका लागि शैक्षिक सत्र २०७८/०७९ मा सुनसरी जिल्ला, धरान उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई जनसङ्ख्या मानिएको छ भने सम्भाव्य नमुना छनोट पद्धतिबाट ५ वटा विद्यालयका १०/१० जना गरी ५० जना विद्यार्थीलाई नमुना मानी अध्ययन गरिएको छ ।

उल्लिखित आधारलाई समूहीकृत गरी सामग्री वा तथ्याङ्कको अध्ययन गरिएको छ। सङ्कलित सामग्रीको विश्लेषणका लागि तथ्याङ्कशास्त्रीय विधि प्रतिशत र मध्यमानको प्रयोग गरिएको छ। सहजताका लागि तथ्याङ्कशास्त्रमा प्रचलित एस.पि.एस.एस (SPSS) सफ्टवेयरको प्रयोग गरी मध्यमान र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## छलफल तथा परिणाम

प्रस्तुत अध्ययनका लागि बुँदा टिपोट, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखन र समीक्षा लेखनमा आधारित भई पुनर्लेखन, शीर्षकीकरण, शाब्दिक विन्यास तथा अनुच्छेदको संरचनात्मक ढाँचा बनाउन लगाइएको छ । विद्यार्थीले लेख्य रूपमा दिएका उत्तरका आधारमा विषय क्षेत्र विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । समग्रता, भाषिक पृष्ठभूमि, र लैङ्गिकताका आधारमा प्राप्त तथ्याङ्कको परिणाममाथि छलफल गरिएको छ । यसर्थ निम्नलिखित शीर्षक उपशीर्षकमा आधारित भई सङ्कलित तथ्याङ्कको छलफल तथा विश्लेषण गरिएको छ :

### समग्रतामा कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखनको सक्षमताको परीक्षण

बुँदा टिपोट, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, टिप्पणी लेखन, प्रतिवेदन लेखन र समीक्षा लेखन जस्ता लेखनका क्रियाकलापमा छोटाछोटा अनुच्छेद र शीर्षक तथा प्रश्नका आधारमा लिइएको परीक्षाबाट प्राप्त उत्तरको विषय शीर्षक चयन, शब्दचयन र सान्दर्भिकता, वाक्यगठन र पुनरावृत्ति, संसक्तता र अनुच्छेदगठन, शैली र प्रस्तुति तथा तार्किकता र प्राज्ञिकताका आधारमा प्राज्ञिक लेखनको सक्षमतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १: समग्रतामा कक्षा १२ मा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन क्षमता

| लेखनको शीर्षक तथा तार्किकता | | शब्द चयन तथा सान्दर्भिकता | | वाक्यगठन तथा पुनरावृत्ति | | संसक्तता तथा अनुच्छेदगठन | | शैली, प्रस्तुति तथा प्राज्ञिकता | |
|---|---|---|---|---|---|---|---|---|---|
| मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| २.१७ | ५४.२५% | ७ | ५८.३३% | २.४ | ६०% | ३.०४ | ५०.६% | २.५४ | ५०.८% |

*स्रोत : कक्षा तथा स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं १ मा कक्षा १२ मा पढ्ने विद्यार्थीहरूको प्राज्ञिक लेखनको समग्र सक्षमतालाई प्रस्तुत गरिएको छ । जसमा लेखनको शीर्षक चयन र तार्किकतामा ५४.२५%, शब्दचयन र सान्दर्भिकतामा ५८.३३%, वाक्यगठन र पुनरावृत्तिमा ६०%, संसक्तता र अनुच्छेदगठनमा ५०.६%, शैली, प्रस्तुति र प्राज्ञिकतामा ५०.८% रहेको पाइएको छ । जसमध्ये शब्दचयन र सान्दर्भिकतामा सबैभन्दा धेरै ५८% र संसक्तता र अनुच्छेदगठन तथा शैली, प्रस्तुति र प्राज्ञिकतामा क्रमशः ५०.६% र ५०.८ % थोरै देखिएको छ । वाक्यगठन तथा पुनरावृत्तिमा ६०% देखिएको र शब्दचयनमा ५८.३३% देखिएको छ तथापि शीर्षक चयन र तार्किकता तथा संसक्तता, शैली र प्राज्ञिकतामा ५४.२५% मात्रै देखिएकाले औसत क्षमता देखिएको छ । मध्यमानको पनि सरसर्ती अध्ययन गर्दा औसतभन्दा पर गएको देखिएको छैन । शैली, प्रस्तुति तथा प्राज्ञिकतामा सबभन्दा थोरै देखिएकाले यसमा प्राज्ञिक अभ्यास तथा पुनरावृत्ति गराइराख्नुपर्ने देखिन्छ । समग्रतामा हेर्दा कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखनको अभिक्षमता ५४.७४% देखिएको छ ।

## *विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा प्राज्ञिक लेखन क्षमताको परीक्षण*

नेपालमा १२५ जातिका १२३ भाषा अस्तित्वमा भएकाले ती सबै भाषिक पृष्ठभूमिका विद्यार्थीहरू कक्षामा आएका हुन्छन् । शिक्षण सिकाइको माध्यम भाषा र विद्यार्थीको भाषामा हुने समानता र असमानताका कारण सिकाइ तथा भाषिक सक्षमतामा पनि फरक पर्न सक्छ । तसर्थ यस अध्ययनमा भाषिक कक्षामा रहका विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा प्राज्ञिक लेखनको सक्षमताको परीक्षण गरी तुलना गरिएको छ । तुलनात्मक अध्ययन पनि प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण पक्ष भएकाले यहाँ तुलनात्मकतालाई ध्यानमा राखी प्रस्तुत गरिएको छ :

तालिका १: समग्रतामा कक्षा १२ मा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन क्षमता

| लेखनको शीर्षक तथा तार्किकता | | शब्द चयन तथा सान्दर्भिकता | | वाक्यगठन तथा पुनरावृत्ति | | संसक्तता तथा अनुच्छेदगठन | | शैली, प्रस्तुति तथा प्राज्ञिकता | |
|---|---|---|---|---|---|---|---|---|---|
| मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| २.१७ | ५४.२५% | ७ | ५८.३३% | २.४ | ६०% | ३.०४ | ५०.६% | २.५४ | ५०.८% |

*स्रोत : कक्षा तथा स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं १ मा कक्षा १२ मा पढ्ने विद्यार्थीहरूको प्राज्ञिक लेखनको समग्र सक्षमतालाई प्रस्तुत गरिएको छ । जसमा लेखनको शीर्षक चयन र तार्किकतामा ५४.२५%, शब्दचयन र सान्दर्भिकतामा ५८.३३%, वाक्यगठन र पुनरावृत्तिमा ६०%, संसक्तता र अनुच्छेदगठनमा ५०.६%, शैली, प्रस्तुति र प्राज्ञिकतामा ५०.८% रहेको पाइएको छ । जसमध्ये शब्दचयन र सान्दर्भिकतामा सबैभन्दा धेरै ५८% र संसक्तता र अनुच्छेदगठन तथा शैली, प्रस्तुति र प्राज्ञिकतामा क्रमशः ५०.६% र ५०.८ % थोरै देखिएको छ । वाक्यगठन तथा पुनरावृत्तिमा ६०% देखिएको र शब्दचयनमा ५८.३३% देखिएको छ तथापि शीर्षक चयन र तार्किकता तथा संसक्तता, शैली र प्राज्ञिकतामा ५४.२५% मात्रै देखिएकाले औसत क्षमता देखिएको छ । मध्यमानको पनि सरसर्ती अध्ययन गर्दा औसतभन्दा पर गएको देखिएको छैन । शैली, प्रस्तुति तथा प्राज्ञिकतामा सबभन्दा थोरै देखिएकाले यसमा प्राज्ञिक अभ्यास तथा पुनरावृत्ति गराइराख्नुपर्ने देखिन्छ । समग्रतामा हेर्दा कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखनको अभिक्षमता ५४.७४% देखिएको छ ।

**विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा प्राज्ञिक लेखन क्षमताको परीक्षण**

नेपालमा १२५ जातिका १२३ भाषा अस्तित्वमा भएकाले ती सबै भाषिक पृष्ठभूमिका विद्यार्थीहरू कक्षामा आएका हुन्छन् । शिक्षण सिकाइको माध्यम भाषा र विद्यार्थीको भाषामा हुने समानता र असमानताका कारण सिकाइ तथा भाषिक सक्षमतामा पनि फरक पर्न सक्छ । तसर्थ यस अध्ययनमा भाषिक कक्षामा रहका विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा प्राज्ञिक लेखनको सक्षमताको परीक्षण गरी तुलना गरिएको छ । तुलनात्मक अध्ययन पनि प्राज्ञिक लेखनको एक महत्त्वपूर्ण पक्ष भएकाले यहाँ

तुलनात्मकतालाई ध्यानमा राखी प्रस्तुत गरिएको छ :

तालिका नं २ : भाषिक पृष्ठभूमिका आधारमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन क्षमता

| आधार | नेपाली मातृभाषी विद्यार्थी | | नेपाली गैरमातृमाषी विद्यार्थी | |
|---|---|---|---|---|
| | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| लेखनको शीर्षक चयन र तार्किकता | २.० | ५०% | १.९५ | ४८.७५% |
| शब्दचयन र सान्दर्भिकता | ३.१६ | ५२.७% | २.९ | ४८.३३% |
| वाक्यगठन/ पुनरावृत्ति | १.८३ | ४५.८३% | १.८ | ४८.७५% |
| संसक्तता र अनुच्छेदगठन | २ | ३३.३३% | २ | ३३.३३% |
| शैली, प्रस्तुति र प्राज्ञिकता | २.१६ | ४३.३३% | १.७५ | ३५% |

*स्रोत : कक्षा तथा स्थलगत अवलोकन, २०७८*

माथिको तालिका नं २ मा भाषिक पृष्ठभूमिका आधारमा प्राज्ञिक लेखन क्षमताको परीक्षणलाई प्रस्तुत गरिएको छ। नेपाली मातृभाषी विद्यार्थीको लेखनको शीर्षक चयन र तार्किकतामा ५०% तथा गैरमातृभाषी विद्यार्थीको ४८.७५% रहेको देखिएको छ । यसैगरी शब्दचयन र सान्दर्भिकतामा नेपाली मातृभाषीको ५२.७% तथा गैरमातृभाषीको ४८.३३% रहेको पाइएको छ । साथै वाक्यगठन र पुनरावृत्तिमा नेपाली मातृभाषीको ४५.८३% र गैरमातृभाषीको ४८.७५% रहेको पाइएको छ । यसै प्रकारले संसक्तता र अनुच्छेदगठनमा नेपाली मातृभाषी विद्यार्थीको ३३.३३% तथा गैरमातृभाषीको पनि बराबरी ३३.३३% नै रहेको पाइएको छ भने शैली, प्रस्तुति र प्राज्ञिकतामा नेपाली मातृभाषीको ४३.३३% तथा गैरनेपाली मातृभाषीको ३५% स्थिति रहेको पाइएको छ । जसअनुसार नेपाली मातृभाषी विद्यार्थीको विषय शीर्षक चयन र तार्किकता, वाक्यगठन र सान्दर्भिकता, शैली, प्रस्तुति र प्राज्ञिकतामा अलि बढी सक्षमता देखिन्छ भने संसक्तता र अनुच्छेद गठनमा भने बराबरी सक्षमता रहेको देखिन्छ। वाक्यगठन तथा पुनरावृत्तिमा भने नेपाली मातृभाषीभन्दा गैरनेपाली मातृभाषी विद्यार्थीको अभिक्षमता बढी देखिन्छ शब्दचयनमा फरकफरक क्षमता देखिनु तर अनुच्छेदगठन र संसक्ततामा समान देखिनुले लेखनमा एकरूपता नभएको तथा आपसी सम्बद्धतामा कृत्रिमता जस्तो देखिन्छ किनकि संसक्तता र अनुच्छेद गठनको सम्बन्ध शब्दचयनसँग पनि हुन्छ । स्वभावैले पनि गैरमातृभाषी विद्यार्थीलाई शिक्षणीय सरलतामा समस्या भएको तथा सिकाइमा एकरूपता सिर्जना नभएको देखिन्छ। समग्रमा भाषिक पृष्ठभूमिका आधारमा हेर्दा विद्यार्थीहरूको प्राज्ञिक प्रकृतिको लेखनमा औसतभन्दा पनि कम स्तरको सक्षमता रहेको देखिएको छ ।

## लिङ्गगत आधारमा कक्षा १२ का विद्यार्थीको प्राज्ञिक लेखन क्षमताको परीक्षण

लिङ्गगत आधार भन्नाले सिकाइमा केटा र केटीको सहभागितालाई जनाइन्छ । शैक्षणिक दृष्टिले छात्र र छात्रा भनी सिकाइमा सहभागी पहिचान गरिन्छ। यस अध्ययनमा पनि छात्र र छात्राको अभिक्षमताको

तुलनात्मक परीक्षण गरिएको छ । तुलनात्मकता पनि प्राज्ञिक लेखनको गुण भएकाले दुवैखाले विद्यालयका २५ जना छात्र र २५ जना छात्रालाई आधार बनाई परीक्षण गरिएको छ ।

तालिका नं.३: लिङ्गत आधारमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीको प्राज्ञिक लेखन क्षमता

| आधार | छात्रा | | छात्र | |
|---|---|---|---|---|
| | मध्यमान | प्रतिशत | मध्यमान | प्रतिशत |
| लेखनको शीर्षक चयन र तार्किकता | २.२ | ५५% | १.९२ | ४८% |
| शब्दचयन र सान्दर्भिकता | ३ | ५०% | १.२ | ४०% |
| वाक्यगठन र पुनरावृत्ति | २.६४ | ६६% | २.३२ | ५८% |
| संसक्तता र अनुच्छेदगठन | २.८ | ४६.६७% | २.७२ | ४५.३३% |
| शैली, प्रस्तुति र प्राज्ञिकता | २.४४ | ४८.८% | २.४ | ४८% |

*स्रोत : कक्षा तथा स्थलगत अवलोकन, २०७८*

माथिको तालिकामा कक्षा १२ मा पढ्ने छात्र तथा छात्राको प्राज्ञिक लेखन अभिक्षमताको परीक्षणलाई प्रस्तुत गरिएको छ । जसअनुसार लेखनको शीर्षक र तार्किकतामा छात्राको ५५% रहेको, छात्रको ४८% मात्र रहेको पाइएको छ । साथै शब्दचयन र सान्दर्भिकतामा छात्राको ५०% अभिक्षमता रहेको पाइएको छ भने छात्रको ४०% रहेको पाइएको छ । त्यसैगरी वाक्यगठन र पुनरावृत्तिमा छात्राको ६६% अभिक्षमता पाइयो भने छात्रको ५८%रहेको पाइएको छ । त्यसैक्रममा संसक्तता र अनुच्छेदगठनमा छात्राको ४६.६७% तथा छात्रको बराबरी ४५.३३% रहेको पाइएको छ भने शैली, प्रस्तुति र प्राज्ञिकतामा छात्राको ४८.८% तथा छात्रको ४८% रहेको पाइएको छ । यस तथ्याङ्कअनुसार शैली, प्रस्तुति र प्राज्ञिकतामा मात्रै छात्रा छात्रा तथा छात्रको अभिक्षमता लगभग बराबरी ४८.८ तथा ४८% रहेको पाइयो भने अन्य आधारमा छात्रभन्दा छात्राको अभिक्षमता तुलनात्मक रूपले बढी रहेको पाइएको छ । तुलनात्मक रूपले हेर्दा छात्रसमूहको प्राज्ञिक लेखन पक्ष छात्राको भन्दा कमजोर रहेको पाइयो । छात्रलाई विशेष जोड गरी लेखनको स्वरूप, ढाँचा, प्राज्ञिकता तथा संसक्तताजस्ता पक्षमा उपचारात्मक ढङ्गले शिक्षण गर्नुपर्ने दखिन्छ ।

## नतिजा तथा उपलब्धि

उच्च माविको कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीको प्राज्ञिक लेखन क्षमताको परीक्षण गर्ने उद्देश्यले तयार गरिएको यस लेखका लागि सङ्कलित सामग्रीको अध्ययन तथा विश्लेषण गर्दा उक्त कक्षाका ५० जना विद्यार्थीको भाषिक पृष्ठभूमि र लैङ्गिकतालाई मुख्य आधार बनाइएको छ । उनीहरूको प्राज्ञिक लेखनको समग्रतामा परीक्षण गर्दा लेखन अभ्यासमा कमजोर रहेको पाइयो । यसअनुसार प्राज्ञिक लेखनको क्षमता ५४.७४% रहेको देखिन्छ तथापि प्राज्ञिक लेखन हुनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण गुणहरू जस्तै, तार्किकता, सान्दर्भिकता, संसक्तता, अनुच्छेद गठनमा एकरूपता, शैली, प्रस्तुति आदिमा प्राज्ञिकता जस्ता

पक्षमा भने अपेक्षाकृत कमजोर पाइयो । शब्द चयनमा भने विद्यार्थीहरूको क्षमता मध्यम स्तरको नै देखिन्छ। भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीको लेखन क्षमता बढी देखिएको छ। नेपाली मातृभाषी विद्यार्थी र नेपाली विमातृभाषी विद्यार्थीका बिचको लेखन क्षमता फरक देखिनु तथा छात्र र छात्राका बिचको लेखन क्षमता पनि फरक देखिनुले प्राज्ञिक लेखनको सम्बन्ध निरन्तर अभ्यास, विशिष्ट प्रयोग तथा स्तरीयतासँग रहेको पाइएको छ । यसर्थ लिङ्गगत आधारमा हेर्दा छात्रको भन्दा छात्राको प्राज्ञिक लेखनको पक्ष बढी रहेको पाइएको छ। कुनै पनि विद्यार्थीको लेखाइमा एकरूपता पाइएको छैन किनकि शब्दचयनदेखि वाक्यविन्यास, अनुच्छेदगठन, शैली तथा प्रस्तुतिमा हेर्ने हो भने विद्यार्थीपिच्छे फरकपन पाइएको छ। प्राज्ञिक लेखनमा कम्तिमा ढाँचामा एकरूपता चाहिन्छ। एकरूपताका लागि प्राज्ञिक लेखनमा निरन्तर अभ्यासको आवश्यकता पर्दछ । स्थलगत सर्वेक्षण तथा कक्षा अवलोकनमा आधारित अध्ययन भएकाले कक्षा १२ मा अध्ययन गर्ने नियमित विद्यार्थीको मात्रै क्षमता परीक्षण गरिएको तसर्थ अनियमित विद्यार्थीको अध्ययन नसमेटिएकाले उक्त पक्षलाई यस अध्ययनको सीमाका रूपमा लिइएको छ।

## निष्कर्ष

प्राज्ञिक लेखन सिपको विकासले उच्च माविका विद्यार्थीको स्तरीय लेखन सिपको विकास भएको मानिन्छ । यस अध्ययनमा उच्च माविका विद्यार्थीको प्राज्ञिक प्रकृतिको लेखनको सिपको परीक्षण गरी उनीहरूको लेखनको स्तर पहिचान गरिएको छ । शब्दले समेत लेखनको प्राज्ञिकता झल्काउँछ भन्ने ल्योन्स् र हिस्लेको मान्यताअनुसार "लेखन क्षमता लेखन सिपमा भर पर्छ, लेखन सिप लेखन अभ्यासमा भर पर्दछ (सन् २००९, पृ.१०)।" यस अध्ययनमा पनि उच्च माविका विद्यार्थीको प्राज्ञिक लेखनको समग्र क्षमता हेर्दा औसत स्तरको देखिएकाले लेखनको अभ्यासमा अलि ध्यान दिनुपर्ने देखिन्छ। त्यसैगरी वालवर्क (सन् २०११, पृ. ३–५) ले पनि लेखनलाई अभिव्यक्तिको पनि एक सशक्त माध्यमका रूपमा प्रस्तुत गरेअनुसार यस अध्ययनमा उच्च माविका विद्यार्थीको लेखन सिप, लेखन योजना, शब्द चयन तथा विन्यास, वाक्य संरचनाको चयन, अनुच्छेदको संरचना तथा वाक्यका बिचको सम्बन्धमा औसत नै क्षमता रहेको देखिएकाले उनीहरूको अभिव्यक्ति क्षमता सिप नै औसत रहेको देखिन्छ। तसर्थ प्राज्ञिक लेखनको प्रकृति अभ्यास तथा र प्रौढ अभिव्यक्तिसँग जोडिने भएकाले उक्त तहका विद्यार्थीका लागि प्राज्ञिक लेखनमा प्रशस्त अभ्यासको अवसर दिनुपर्ने देखिन्छ।

## सन्दर्भसामग्री सूची

### नेपाली सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६८), *प्रयोगात्मक नेपाली व्याकरण,* साझा प्रकाशन ।

नेपाल, शक्तिराज (२०७९), *भाषिक सम्पादन कला,* करुधरा पब्लिकेसन ।

पाण्डेय, ताराकान्त (२०७७), 'प्राज्ञिक लेख : विज्ञ समीक्षाको प्रयोग', नेपाल नाम्चा डटकम, माघ २२ गते ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषा शिक्षण,* क्याम्ब्रिज पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०७८), *भाषिक सम्पादन कला,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७६), *व्यावहारिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७७), *प्राज्ञिक तथा सिर्जनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

**अङ्ग्रेजी सामग्री**

ओसिमा, एलिस र एन, हग (सन् २००७), *इन्ट्रोडक्सन टु एकाडेमिक राइटिङ्,* अक्सफोर्ड प्रेस ।

ए. मिथुराज (सन् २०२१), *एन इन्भेस्टिगेसन इन टु दि टिचिङ् एन्ड एसेस्मेन्ट अफ कियटिभ राइटिङ् इन इङ्लिस एट हाइयर एजुकेसन लेभल,* अप्रकाशित विद्यावारिधि थेसिस, शिक्षा विभाग, अल्गाडा विश्वविद्यालय ।

कोफिन, कर्लिन र अन्य (सन् २००३), *टिचिङ एकाडेमिक राइटिङ्,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

बाले, स्टेफेन (सन् २०११), *एकाडेमिक राइटिङ : ए हेन्डबुक फर इन्टरनेसनल स्टुडेन्ट्स,* लन्डन प्रेस एन्ड पब्लिसर्स ।

मर्फी, पौल (सन् २०२३), *एकाडेमिक राइटिङ्, मास्टरिङ् साइटेसन एन्ड रिफरेन्सिङ,* सेरलक क्लोज, क्याम्ब्रिज ।

वालवर्क, एड्रिन (सन् २०११), *इङ्लिस फः राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर ।

ल्योन्स्, लिज ह्याम्प र हिस्ले, बेन (सन् २००९), *स्टडी राइटिङ् : अ कोर्स इन रिटन इङ्लिस फर एकाडेमिक पर्पोजेज* (दोस्रो संस्क.), क्याम्ब्रिज प्रकाशन ।

शर्मा, विकास (सन् २०२०), *रिडिङ्स् इन बेसिक एकाडेमिक राइटिङ्,* सनलाइट पब्लिकेसन ।

सुल्तान, सहिन (सन् २०१९), *अप्रोजेज टु एकाडेमिक राइटिङ् एट दि टर्सिएरी लेभल इन बङ्लादेश,* अप्रकाशित विद्यावारिधि थेसिस, अङ्ग्रेजी विभाग, गोवा विश्वविद्यालय ।

हार्मर, जेर्मी (२००३), *द प्राक्टिस अफ इङ्लिस ल्याङ्वेज टिचिङ* (तेस्रो.संस्क.),पर्सने एजुकेसन लिमिटेड ।